# बृन्दावन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बिश्रामपुर, रौतहट
मधेश प्रदेश, नेपाल

## आ.व. २०८२/०८३ को लागि आन्तरिक आय ठेक्का सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना !
**तेस्रो पटक प्रकाशित भएको मिति २०८३/०२/२८**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (च), सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ तथा बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८२ अनुसूची ५, १३ (२) र १७ अनुसार बृन्दावन नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आर्थिक वर्ष २०८२/०८३ का लागि आन्तरिक आय ठेक्काहरुको बन्दोबस्त गर्नु पर्ने भएकोले यस बृन्दावन नगरपालिकाको मिति २०८२/११/१७ गते कार्यपालिका बैठकको निर्णय तथा यस कार्यलयको मिति २०८३/०२/२७ को निर्णयानुसार यस नगरपालिकाको तपशिल बमोजिमको सामग्रीहरुमा यस नगरपालिकाको आर्थिक ऐन, २०८२ मा निर्धारित निकासी दर बमोजिम निम्नानुसारको ठेक्काको लागि इच्छुक व्यक्ति/फर्म वा कम्पनीहरूले यस कार्यालयबाट दरभाउ पत्र फारम खरिद गरी निर्धारित समय भित्र शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ठेक्का नम्बर | आय ठेक्काको नाम | न्यूनतम कबोल अंक (वार्षिक रु.) |
|---|---|---|---|
| ५. | बृन्दावन न.पा. अन्तर्गत पर्ने विभिन्न पोखरीहरूको माछा संकलन तथा बिक्री कर संकलन | | |
| (क) | Mun/Brindawan/GOOD/05/2082/083 | वडा नं. ७ को भेलाही माछा पोखरी र आप बगैचा समेत | ६,७२,०००।– (वार्षिक) / ३६,६०,०००।– (५ वर्ष) |

शर्तहरु:-

१. सिलबन्दी दरभाउपत्र फारम रु. १०००।– (अक्षरेपी एक हजार मात्र ।) दस्तुर बुझाई यस कार्यालयबाट प्राप्त हुनेछ ।

२. यो सूचना प्रकाशित भएको मितिले **१५ औं (पन्ध्रौं) दिन मिति २०८३।०३।११** गते कार्यालय समय भित्र निवेदन साथ नविकरण भएको ईजाजतपत्र मु.अ. कर (VAT) मा दर्ता भएको प्रमाणपत्र आ.व. २०८२।०८३ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि र स्थायी लेखा नम्बर (PAN) सहित राजश्व शाखाबाट दरभाउपत्र फारम खरिद गरी सक्नु पर्नेछ ।

३. यो सूचना प्रकाशित भएको मितिले **१६ औं (सोह्रौं) दिन मिति २०८३।०३।१२ गते दिनको १२:०० बजे भित्र** दरभाउपत्र फारम साथ नविकरण भएका ईजाजतपत्र, मु.अ. कर (VAT) मा दर्ता भएको प्रमाणपत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, दरभाउपत्र फारम दस्तुर व्यक्तिको हकमा नागरिकताको प्रमाणित प्रतिलिपि र स्थायी लेखा नम्बर (PAN) बुझाएको नगदी रसिद सहितको सिलबन्दी दरबाउपत्र राजश्व शाखामा दर्ता गरी सक्नु पर्नेछ ।

४. रीतपूर्वक दर्ता हुन आएका गोप्य सिलबन्दी दरबाउपत्रहरू **१६ औं (सोह्रौं) दिन मिति २०८३।०३।१२ गते दिनको २:०० बजे** दरभाउ पत्र दाता स्वयं वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । प्रतिनिधिको उपस्थिति नभएपनि कार्यालयमा दर्ता भएका सिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

५. शिलबन्दी दरभाउपत्र फारम दर्ता गर्ने अन्तिम दिन वा शिलबन्दी दरभाउपत्र खोलिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको भोलिपल्ट दर्ता हुने तथा खोलिनेछ ।

६. छुट्टाछुट्टै विषयको शिलबन्दी दरभाउपत्र फारम छुट्टाछुट्टै खरिद गरी छुट्टा छुट्टै खाममा शिलबन्दी गरी खामको बाहिर ठेक्काको विषय खोली यस कार्यालयको नाम उल्लेख गरी पेश गर्नुपर्नेछ ।

७. म्याद नाघी आएको वा रित नपुगेको वा कुनै शर्त राखी पेश भएको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन । बोलपत्रदाताले बोलपत्र दर्ता गर्दा आफुले कबोल गरेको अंकको ५% ले हुन आउने रकम नघटाई यस कार्यालयको माछापुच्छ्रे बैंक, हर्षाहा स्थित ०७५००६५३९११०००३३ धरौटी खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्याता प्राप्त बैंकबाट जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

८. बोलपत्र दाताले नियमानुसार कबोल अंकको १३% हुने मुल्य अभिबृद्धि कर (VAT) कार्यालय कोड ३०५०४२००२, राजश्व शिर्षक नं. ३३३१४ मा बुझाई सक्कल भौचर सहित यस कार्यालयमा बुझाउनु पर्नेछ । सो बाहेक पनि नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने आयकर लगायत अन्य कर, दस्तुर तथा शुल्क आदि सबै बोलपत्रदाता स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

९. बोलपत्रदाताले कबोल गरेको रकम ४ किस्तामा तिर्नुपर्नेछ । पहिलो किस्ता बापत कबोल गरेको रकमको २५% (प्रतिशत) सम्झौताको समयमा दाखिला गर्नुपर्नेछ दोस्रो किस्ता बापत कबोल गरेको रकमको २५% (प्रतिशत) , तेस्रो किस्ता बापत कबोल गरेको रकमको २५% (प्रतिशत) र चौथो किस्ता बापत कबोल गरेको रकमको २५% (प्रतिशत) भने अन्तिम किस्ता २०८६ पहिलो त्रेमासिक सम्ममा चुक्ता गरिसक्नु पर्नेछ । बोलपत्रदाताले कबोल गरेको रकमको प्रत्येक वर्ष वैशाख१५ सम्म नगद वा बडीमा ९० दिनको मान्य अवधि रहेको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त 'क' वर्गको वित्तीय संस्थाबाट जारी गरेको बैंक ग्यारेन्टी (Performance Bond) वैशाख १५ गते भित्र पेश गर्नुपर्नेछ । तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बाँकी रहेको किस्ता बैंक ग्यारेण्टीबाट असुल उपर गर्ने गरी कानूनी प्रकृया अपनाइनेछ । असुल गर्न बाँकी रकममा वार्षिक १५ प्रतिशत थप जरिवाना समेत जोडी सरकारी बाँकी सरह असुल उपर गरिनेछ र त्यस्तो फर्मलाई २ वर्षको लागि कालो सूचीमा राखिनेछ ।

१०. बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची ५ मा उल्लिखित सामग्रीहरुः- दाउरा, खंसी बोकाको छाला, फलफुल-तरकारी, सिमेन्ट टायल, माटोको टायल, कवाडि, धान र गहुँको भुसा, इट्टा, दराज पलङ, माछा, भैंसी, राँगा, गाई, गोरू, खंसी, बोका, बाख्रा, बंगुर, सुंगुर, खद्यान पदार्थ, तेलहन, दलहन, हरियो मक्कै आदि । बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची १३ (२) मा उल्लिखित सामग्रीहरुः- क्रसर तथा बालुवा प्रशोधन उद्योगबाट उत्पादित ढुंगा, गिट्टी, बालुवा, बेस, डस्ट, चिप्स आदि । बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची १७ मा उल्लिखित हाट बजारको सामग्रीहरू । बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची ५, अनुसूची १३ (२), अनुसूची १७ मा उल्लिखित सामग्रीहरुमा **बोलपत्रदाताले थ्याट १३ % रकम थप गरी संकलन गर्न सकिने छ** । बृन्दावन नगरपालिकाको आर्थिक ऐन, २०८२ को अनुसूची ५, अनुसूची १३ (२), अनुसूची १७ मा उल्लिखित सामग्रीहरु बाहेकको हकमा यस नगरपालिकाको निर्णयबाट पारित भएको दररेट कायम हुनेछ ।

११. यस नगरपालिकाको काबु भन्दा बाहिरको कारणले ठेक्का सञ्चालन हुन नसकेमा वा अन्य कुनै कारण देखाई ठेक्का वापतको रकम मिनाहा वा छुट दावी गर्न पाइने छैन । व्यवसायी र बृन्दावन नगरपालिका बीच भएको ठेक्का शर्तहरूका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा बृन्दावन नगरपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुर लाग्ने छैन ।

१२. बोलपत्रको समयावधि सम्झौताको मितिबाट २०८७ जेष्ठ मसान्तसम्म कायम गरिएको छ र माछा पोखरी ठेक्काको हकमा ५ (पाच) वर्षको लागि आय ठेक्काको बन्दोबस्त गर्नेगरी सम्झौता गरिनेछ ।

१३. यस सम्बन्धमा विस्तृत जानकारीको लागि नगरपालिकाको राजश्व शाखा (९८५५०७५१७४) मा सम्पर्क गर्नुहोला ।

१४. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार नगरपालिकामा सुरक्षित रहनेछ ।

२०८३।२।२८

प्रमुख प्रशासकीय अधिकृत